नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या: २०८०।०८१

चलानी नं.: ८४८ मिति: २०८१।०३।२६

विषयः 'स्थानीय तहको प्रगती तथा अनुगमन प्रणाली' मा तथ्याङ्क प्रविष्टि गर्ने सम्बन्धमा ।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

श्री जिल्ला समन्वय समिति (सबै) ।

यस मन्त्रालयको मिति २०८०।१२।२३ को निर्णय (मा. मन्त्रिस्तर) बाट स्वीकृत 'स्थानीय तहको प्रगती तथा अनुगमन प्रणाली सञ्चालन कार्यविधि, २०८०' स्थानीय तहमा पठाईसकिएको छ । सो कार्यविधिमा भएको व्यवस्था बमोजिम **'स्थानीय तहको प्रगती तथा अनुगमन प्रणाली'** सञ्चालनमा आई सम्पूर्ण गाउँपालिका, नगरपालिका, तथा जिल्ला समन्वय समितिहरुलाई User ID तथा Password समेत उपलब्ध गराइसकेको व्यहोरा विदितै छ । यस मन्त्रालयबाट सम्पूर्ण स्थानीय तहको सहभागितामा प्रणाली सञ्चालन सम्बन्धि भर्चुअल माध्यमबाट अभिमुखीकरण समेत सम्पन्न भइसकेको छ । प्रणालीको प्रयोग तथा सञ्चालनमा सहजिकरण तथा समन्वयका निमित्त जिल्ला समन्वय समिति तथा गाउँ/नगरपालिकाका लागि आवश्यक प्रयोगकर्ता सहजीकरण पुस्तिका यसैसाथ संलग्न छ । संलग्न प्रयोगकर्ता सहजीकरण पुस्तिका समेतको सहयोगमा आ-आफ्नो User ID बाट उक्त प्रणालीमा आवश्यक तथ्याङ्क प्रविष्टि गर्ने कार्य अविलम्ब सुचारु गरी तोकिएको समयावधी भित्रै सम्पन्न गर्ने/गराउने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थ:

**श्री सूचना तथा प्रविधि शाखा:** प्रयोगकर्ता सहजीकरण पुस्तिकाको डिजिटल फाइल सबै गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिको इमेलमा प्रेषण गरी मन्त्रालयको वेबसाइटमा समेत अपलोड गरिदिनुहुन ।

**श्री प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमः** स्थानीय तहबाट हुने तथ्याङ्क प्रविष्टिको कार्यमा आवश्यक प्राविधिक सहयोग र समन्वय हुन ।